# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं श्रावण ११ गते २०११ साल [ संख्या ४१

## भाग १

वर्क्स र संचारमंत्री माननीय श्री भद्रकाली मिश्रद्वारा
सल्लाहकार सभामा उपस्थित गरिएको

# सहकारी सामिति बिल

( सल्लाहकार सभाको कार्य—विधि—नियमधारा ८७ अनुसार प्रकाशित )

## उद्देश्य र कारणहरूको विवरण

ग्राम तथा जिल्ला निवासीहरूको पिछड़पना हटाउने, जीवनस्तर उँचा गराउने; परस्परमा सहयोग तथा सहकारिताको भावना बढाएर शक्ति (बुद्धि, अनुभव, उत्साह, ज्ञान, बल तथा धन) एकत्रित गरी लाभदायक उद्योग धन्दाहरू खडा गर्ने र सुविधा-जनक साधनहरू जुटाउने, देशको प्राकृतिक साधनको विकाश गर्ने र ग्रामहरूको एकता तथा उपयोगिताबाट जिल्ला र जिल्लाहरूको एकता तथा उपयोगिताबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशमा शान्ति तथा सुरक्षा स्थापित गर्ने उद्देश्यले र खास गरी कृषक, कालिगढ र कम पूंजीवालहरूमा मितव्ययता, आत्म–निर्भरता र पारस्परिक सहयोग गर्न लगाउने विषयमा सुविधा दिन नितान्त आवश्यक पर्न आएकाले सभाको समक्ष यो बिल पेश गरिएको छ ।

काठमाडौं,
मिति २०११।३।४।६

श्री भद्रकाली मिश्र
२०११।३।६।१

# नेपाल सहकारी समितिको बिल २०११

( सल्लाहकार सभामा पेश भएको रूपमा )
नेपालको सल्लाहकार सभामा पेश गरिएको

सहकारी समितिहरूको गठन र व्यवस्थापनको निमित्त तयार गरिएको बिल ।

सल्लाहकार सभाबाट देहायबमोजिमको ऐन बनाइयोस् ।

शीर्षक. १ (१) यो ऐनको नाम नेपाल सहकारी समिति ऐन २०११ भन्ने रहेको छ ।

(२) यो ऐन २०११ देखी लागू हुनेछ ।

(३) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

परिभाषा. विषय अथवा प्रसङ्गले अर्कै अर्थ नलागेमा या ऐनमा देहायका शब्द वा शब्दहरूको अर्थ देहायबमोजिम हुनेछ ।

(१) रजिष्टरी भएको समिति — यी शब्दहरूले यस ऐनबमोजिम रजिष्टरी भएको समितिलाई जनाउँदछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गौण [सेकेन्डरी] समिति — यी शब्दहरूले यस ऐनबमोजिम रजिष्टरी भएको समिति वा व्यक्ति सदस्य भएको रजिष्टरी भएका समितिलाई जनाउँदछन् ।

(३) प्राथमिक समिति — यी शब्दहरूले रजिष्टरीभएको अरू समितिसँग शेयर खरिद गर्ने र अरू समितिलाई आफ्ना शेयर बिक्री नगर्ने रजिष्टरी भएको समितिलाई जनाउँदछन् ।

(४) रजिष्टार — यो शब्दले यस ऐनबमोजिम सहकारी समितिको रजिष्टारको काम चलाउन सरकारबाट नियुक्त भएको व्यक्तिलाई जनाउँदछ ।

(५) सदस्य — यो शब्दले समिति रजिष्टरी गरी पाउँ भनी दरखास्त दिने व्यक्तिहरूलाई र ऐन, नियम, उपनियम —बमोजिम सदस्यता स्वीकृति प्राप्त भएका व्यक्तिलाई जनाउँदछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) शेयर यो शब्दले समितिको मूल पूँजी खपत गरी दर तोकिएको हिस्सालाई जनाउँदछ।

(७) डिबेंचर यो शब्दले समितिको जायजेथा धितो वा जमानत राखी लिएको ऋणको तमसुकलाई जनाउँदछ।

(८) कमिटी यो शब्दले रजिष्टरी भएको समितिको काम जिम्मामा लिने, प्रबन्ध गर्ने व्यक्तिहरूको समूहलाई जनाउँदछ।

(९) अफिसर यो शब्दले समितिको अध्यक्ष मंत्री (सेक्रेटरी) कोषाध्यक्ष, कमिटीका सदस्य र समितिको काम काजमा नियम उपनियम-बमोजिम आदेश दिन अधिकार पाएको व्यक्तिलाई जनाउँदछ।

(१०) कर्मचारी यो शब्दले समितिको काम गर्ने तलबी वा बेतलबी सबै कार्यकर्तालाई जनाउँदछ।

(११) नियम यो शब्दले यस ऐनअन्तर्गत बनेका नियमहरूलाई जनाउँदछ।

(१२) उपनियम यो शब्दले समितिको काम चलाउन रजिष्टरी भै तत्कालिक लागू भै रहेको र संशोधन भै रजिष्टरी भएको उपनियमहरू समेतलाई जनाउँदछ।

(१३) लाभांश यो शब्दले रजिष्टरी भएको समितिको शेयर पूँजीको आधारमा बिभाजित भएको लाभलाई जनाउँदछ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) स्थानीय हाकिम यी शब्दहरूले मैजिष्ट्रेट, कमिश्नर भएको ठाउँमा मैजिष्ट्रेट, कमिश्नर र मैजिष्ट्रेट कमिश्नर नभएको ठाउँमा हाकिम, बडाहाकिमलाई जनाउँछ।

रजिष्टार, डेपुटी रजिष्टार असिष्टेण्ट रजिष्टारको नियुक्ति.

३. नेपालको सम्पूर्ण वा कुनै भागको निमित्त सरकारले सहकारी समितिहरूको काममा १ जना व्यक्तिलाई रजिष्ट्रारको पद्मा नियुक्ति गर्नेछ र आवश्यक परेमा सो रजिष्ट्रारलाई मद्दत गर्न डेपुटी वा असिस्टेन्ट रजिष्टारहरू र अरू व्यक्तिहरू पनि नियुक्ति गरी सोमध्येबाट जरूरत परेकालाई यस ऐनबमोजिम रजिष्टारले पाउने सबै वा केही अख्तियार साधारण वा विशेष आदेशबाट दिन सक्नेछ।

रजिष्टरी हुन सक्ने समितिहरू.

४. सहकारी सिद्धान्तअनुसार अफना सदस्यहरूको आर्थिक अवस्थाको उन्नति गर्ने उद्देश्यले बनेको समिति वा यस्ता समितिको काम सुबिधाजनक तुल्याउने हेतुले स्थापना भएको अर्को समिति सरकारबाट साधारण वा विशेष आडाले अर्को आदेश नभएमा देहायमा लेखिएअनुसार सीमित दायित्व भै वा नभै यस ऐनबमोजिम रजिष्टरी हुनेछ।

(१) जुन समितिको सदस्य रजिष्टरी भएको अरू समितिहरू छन्। त्यस्ता समितिको दायित्व सीमित हुनेछ।

(२) रजिष्टरी भएका अरू समिति सदस्य नभएको, सदस्यहहरूलाई कर्जा दिन कोष खडा गर्ने उद्दे-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्यले खडा गरिएको धेरैजसो सदस्यहरू कृषक भएको समितिको दायित्व असीमित हुनेछ।

शेयर लिन पाउनेहरू.

५. सीमित दायित्व भएको समितिको सदस्यहरूमध्ये रजिष्टरी भएको समिति सदस्य बाहेक अरू कुनै सदस्यले शेयर-पूँजीको पाँचखण्डको एक खण्ड भन्दा बढ्ता शेयर लिन पाउँदैनन्।

६. रजिष्टरी गर्ने शर्तहरू

६. (१) जुन समितिको सदस्य र. भ. समितिछ, सोबाहेक एकै जिल्ला, शहर वा गाउँ वा उही गाउँसमूहमा बसेका अथवा रजिष्टारको अर्कै आदेश नभएमा उही जाति श्रेणी, जात वा पेशाको १८ वर्ष नाघेमा कमसेकम १० जना सदस्यहरू नभएको कुनै पनि अरू समिति रजिष्टरी हुनेछैन।

(२) यस ऐनबमोजिम सीमित दायित्व भई रजिष्टरी भएको प्रत्येक समितिको नामको अन्तमा 'लिमिटेड' भन्ने शब्द लेखिनेछ।

रजिष्ट्रारको फैसला अन्तिम.

७. यस ऐनमा लेखिएबमोजिम कुनै मानिस कृषक हो वा होइन अथवा कुनै मानिस एउटै जिल्ला शहर, गाउँ वा गाउँहरूका समूहभित्रको हो वा होइन अथवा एक ग्रामसमूह खडा गर्न दुइ वा दुइभन्दा बढी गाउँहरू लिने वा नजिक अथवा कुनै मानिस कुनै खास जाति श्रेणी वा व्यवसायको हो वा होइन भन्ने कुरामा झगडा हुनआएमा रजिष्टारले फैसला गर्नेछ र उसको तोक फैसला अन्तिम फैसला हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**रजिष्ट्रीको लागी दरखास्त**

८. (१) समिति रजिष्टरी गराउँदा रजिष्ट्रारछेउ दरखास्त दिनुपर्दछ ।

(२) (क) समितिको सदस्य अर्को रजिष्टरी भएको समिति छन् भने दरखास्तमा यस ऐनको ६ दफाको उपदफा १ मा लेखिएबमोजिम कमसेकम १० जना सदस्यहरूको सहिछाप परेको हुनुपर्दछ ।

(ख) रजिष्टरी भएका समिति सदस्यहरू छन् भने प्रत्येक समितिका तर्फबाट रीतपूर्वक अख्तियार पाएको वारेसहरूको र यदि त्यस समितिका सबै सदस्य रजिष्टरी भएका समिति छैनन् भने अरु १० जना सदस्यहरूको वा त्यसमा १० जनाभन्दा कम सदस्यहरु रहेछन् भने, जति जना छन्, ती सबैको दरखास्तमा सहिछाप परेका हुनुपर्दछ ।

(३) समितिको प्रस्तावित उपनियम दरखास्तका साथ सामेल रहनुपर्दछ र रजिष्ट्रारले माग गरेबमोजिमका समिति विषयका कुरा दरखास्त पेश गर्ने मानिसहरूले वा वारेसहरूले दिनुपर्दछ ।

**समितिको रजिष्टरी**

९. यस ऐन र नियमावलीबमोजिम समिति खडा भएको छ र यसका प्रस्तावित उपनियमहरू ऐनबमोजिम छ भन्ने कुरामा रजिष्ट्रारको चित्त बुझेमा निजले ठहराएबमोजिम सो समिति र यसको उपनियमहरूको रजिष्टरी गरी दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रजिष्ट्रीको निस्सा.

१०. रजिष्ट्रारले दस्तखत गरेको रजिष्टरीको प्रमाण-पत्रमा उल्लेखित समिति रीतपूर्वक रजिष्ट्री भएको छ भन्ने अकाट्य प्रमाण हुनेछ र सो समितिको रजिष्टरी रद्द भएको प्रमाण देखिन नआएसम्म समिति रजिष्टरी भएकै मानिनेछ।

र. भ. समितिको उपनियमको संशोधन

११. (१) रजिष्टरी भैसकेको समितिका सँशोधित उपनियमहरू यस ऐनबमोजिम रजिष्टरी नगराएसम्म मान्य हुनेछैन। रजिष्टरी गराउँदा संशोधनको १ प्रति रजिष्ट्रारछेउ दाखिल गर्नुपर्दछ।

(२) यस ऐनबमोजिम उपनियमका कुनै संशोधन ठीक दुरुस्तसँग भएको छ भन्ने कुरामा रजिष्ट्रारको चित्त बुझेमा रजिष्ट्रारले सो संशोधन रजिष्टरी गरी दिनेछ।

(३) रजिष्ट्रारले रजिष्टरी भै सकेको समितिको उपनियमका संशोधन रजिष्टरी गरी दिएपछि निजले सो संशोधन स्वीकार गरेको प्रमाणपत्रको एक प्रति दिनेछन् र सो प्रमाणपत्र संशोधित उपनियम रीतपूर्वक रजिष्टरी भएको अकाट्य प्रमाण हुनेछ।

## सदस्यको अधिकार र दायित्व

पूरा रकम चुक्ति नगरेसम्म सदस्य अधिकार नपाउने.

१२ रजिष्टरी भएको समितिको सदस्यले, सदस्यताको निम्ति बुझाउनुपर्ने रकम चुक्ता नगरेसम्म वा नियम वा उपनियममा तोकिएबमोजि-

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भको शर्तहरू पूरा नगरेसम्म सदस्यताको हक भोग गर्न पाउनेछैन ।

सदस्यहरूको मतदान. १३ (१) प्राथमिक समितिको हरएक सदस्यले जतिसुकै शेयर लिए तापनि समितिको कारवाईमा सदस्यको हैसियतबाट एक मत मात्र दिन पाउँदछ । तर सममत भएमा सभापतिको रायको पक्ष यस ऐनको लागि बहुमत प्राप्त पक्ष मानिनेछ ।

(२) रजिष्टरी भएको समिति कुनै अर्को रजिष्टरी भएको समितिको सदस्य छ भने सदस्य हुने समितिले सो अर्को रजिष्टरी भएको समितिको कारबाईमा मत दिने काममा आफ्नो सदस्यमध्ये एक जना सदस्यलाई अख्तियार दी खटाउन सक्तछ । तर सदस्य हुने हरएक समितिले जतिसुकै शेयर लिएको भए तापनि एक मत मात्र दिन पाउँदछ ।

शेयरको नामसारी वा प्रतिबन्ध. १४. (१) रजिष्ट्री भएको समितिको पूँजीबाट वर्तमान वा साविक वा मृत्यु भैसकेको सदस्यको शेयर वा हक नामसारी गर्दा वा जिम्मा लगाउँदा यस ऐन वा नियमहरूबमोजिम ज्यादासे ज्यादा राख्न हुने शेयरको शर्तहरूअनुसार गर्नुपर्दछ ।

(२) असीमित दायित्व भई रजिष्टरी भएको समितिमा भने सदस्यको समितिको पूँजी वा त्यसको कुनै हिस्सामा भएको हक अथवा आफूले लिएको कुनै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शेयर देहायएमा छेकिएको अवस्थामा मात्र सार्न पाइनेछ ।

(क) सदस्यले शेयर लिएको वा हक पाएको एक सालभन्दा बढी पुगेकोमा ।

(ख) कुनै समिति वा समितिको सदस्य वा सदस्यताको निमित्त दरखास्त दिई कमिटीको स्वीकृति पाएको सदस्यलाई त्यस्तो नासमारी गर्ने भएकोमा ।

समितिमा सदस्यताको प्रतिबन्ध. १५. रजिष्टारको अनुमतिविना कुनै व्यक्ति पनि आफ्नो सदस्यहरूलाई ऋण दिने मूल उद्देश्य लिएर बनेको १ भन्दा बढ्ता रजिष्ट्री भएका समितिहरूमा सदस्य बन्न पाउँदैनन ।

## रजिष्ट्री भएको समितिको कर्तव्य

समितिको ठेगाना. १६. रजिष्ट्री भएको प्रत्येक समितिले नियमबमोजिम आफ्नो ठेगाना रजिष्ट्री गराई राख्नुपर्दछ र सो ठेगानामा सबै सूचना र पत्रव्यवहार हुनेछ र ठेगाना बदलिएमा रजिष्टारलाई ७ दिनभित्र जनाउ दिनुपर्दछ ।

ऐन नियम उपनियमहरू तयारी राख्ने. १७. रजिष्ट्री भएको प्रत्येक समितिले यस ऐनको १ प्रति र समितिसम्बन्धी नियमहरू र आफ्नो उपनियमसमेत जुनसुकै अनुकूल समयमा दस्तुर नलिकन जाँचबुझ गर्न हुने गरी आफ्नो रजिष्ट्री भएको ठेगानामा राख्नुपर्दछ ।

हिसाब जाँच. १८. (१) रजिष्टारले आफैं वा निजले साधारण वा विशेष लिखित आदेशद्वारा अधिकार दिएको मानिसबाट

मुद्रण विभाग

प्रत्येक रजिष्ट्री भएको समितिको हिसाब सालिन्दा कमसेकम एक पटक जाँच गर्नु वा गराउनुपर्दछ।

(२) माथि उपदफा १ मा लेखिएको जाँचमा म्याद नाघेका ऋणहरू छन् भने त्यस्ताको जाँच गर्ने र समितिको जायदाद र ऋणको मूल्याङ्कन जाँच गर्ने कामसमेत सामेल रहनेछन्।

(३) उपदफा १ बमोजिम हिसाब जाँच गर्दा रजिष्टारलाई वा निजबाट साधारण वा विशेष लिखित आदेश पाएको कुनै मानिसलाई देहायबमोजिमको हिसाब जाँच गर्ने अधिकार हुनेछ।

(क) रजिष्टार वा निजले हिसाब जाँच्न खटाएको मानिसको विचारमा समितिको कामको प्रबन्ध वा कारवारसम्बन्धमा थाहा समाचार दिन सक्छ भन्ने लागेमा समितिका कुनै वर्तमान वा साबिकका अफिसर एजेन्ट कर्मचारी सदस्य वा अरू कुनै मानिसलाई लेखोट गरी झिकाउन सक्नेछ।

(ख) समितिको कामसम्बन्धी कुनै किताप वा कागजपत्र नगद, नगद धरौटी वा समितिका अरू जायदाद राख्ने वा जिम्माको रूपमा राख्ने कुनै वर्तमान वा साबिकका अफिसर एजेन्ट, कर्मचारी, सदस्य वा कुनै मानिससँग सम्बन्धित किताप कागजपत्र, नगद, नगद धरौटी वा अरू जायदाद माग्न सक्नेछ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# रजिष्टरी भएका समितिका सुविधाहरू

समितिलाई संस्था मानिने

१९. समिति रजिष्ट्री भएपछि रजिष्ट्री भएको नामले अटूट क्रमसँम चलिरहने एउटा संस्था दिनेछ र यसले एउटा आफ्नो छुट्टै छाप कढाई राख्नेछ । संस्थाले जायदाद अधिकारमा राख्ने ठेक्का कबूल गर्ने, नालीस गर्ने, र प्रतिवादी दिने र अरू कानूनी कारवाई गर्ने, र आफ्नो विधानको लागी आवश्यक पर्ने अरू सबै काम-समेत गर्नेछ ।

समितिको दावालाई प्राथमिकता दिने.

२०. मालपोत अथवा मालपोतको सट्टा लिइने दामको सम्बन्धमा सरकारको र तिरो अथवा तिरो-बापत तिरिने दामसम्बन्धमा जिमिन्दार बिर्तावारको हकदावी भए सो पन्छाएपछि कुनै सदस्य अथवा साबिकवाला सदस्यले रजिष्ट्री भएको समितिलाई तिर्नुपर्ने रकम तिर्न बाँकी भएकोमा सो ऋण भुक्तानी गर्न पर्दा अरू सदस्यहरूको दावालाई भन्दा अगाडि समितिको दावालाई देहायको कुरामा प्राथमिकता दिइनेछ ।

(क) बिउ वा मल उधारो लिएको वा बिउ वा मल खरिद गर्न कर्जा लिएको नगदीको हकमा सो उधारो लिने वा कर्जा लिने सदस्यको खेतीबाट उब्जेका बाली वा अरू उब्जाउबाट उधारो लिएको वा कर्जा लिएको मितिदेखि अठार महिनाभित्र कुनै बखत असूल उपर गर्न ।

(ख) गाईभाउ, घाँस, भुस्सा, खेती वा उद्योग-धन्दाका सामानहरू वा कल पुर्जाहरू वा माल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तयार गर्न चाहिने कच्चा मालहरु वा लेखि-
एबमोजिमका मालहरु खरिद गर्न नगदी रु.
पैयाँ कर्जा लिएको हकमा कर्जा लिएको
नगदीबाट जम्मै वा केही अंश किनेको वा
यसरी दिइएको चिजहरु अथवा यसरी दिइ-
एको वा किनेको कच्चा मालहरुबाट बनेका
कुनै माल सामानबाट उपर गर्ने।
तर माथि लेखिएका कुरा थाहा नपाइकन
मूल्य दिएर खरिद गर्नेलाई वा नामसारी
हुनेलाई यो दफाले असर पार्नेछैन।

समितिलाई वा द्वारा पैदावार बिक्री गर्ने।

२१. [१] रजिष्ट्री भएको समितिको उद्देश्यहरुमा एक उद्देश्य, कृषि वा पशु पालन वा अरु कुनै उद्योगधन्दाको पैदावारमध्ये कुनै चीज बेच्नेछ भने समितिले आफ्नो उपनियमहरुमा यो कुरा पार्न वा सदस्यहरुसँग ठेका कबूल गर्न सक्छ।

[क] माथि लेखिएका चीजहरु पैदा गर्ने प्रत्येक सदस्यले सबै वा कुनै तोकिएका परिमाण अनुपातमा वा ठेकामा लेखिएबमोजिम आफ्नो पैदावार समितिलाई वा समितिद्वारा बेच्नुपर्दछ, र

[ख] ठेका कबूलियत वा उपनियम तोडेबापत कुनै सदस्यलाई नियमबमोजिम दोषी प्रमाणित गरे वा ठहराएमा नियम वा उपनियममा तोकिएबमोजिम निश्चित भएको हर्जाना सदस्यले समितिलाई दिनुपर्दछ, र

[२] माथि उपदफा [१] बमोजिम सदस्य र समितिको बीच ठेकाको सम्झौता भएको छ भने सदस्यले पैदा गरिसकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा गरिने ठेक्कासम्बन्धी सबै चीजहरू उपर समितिको पहिला दावा रहनेछ ।

[३] प्रचलित ऐन सवालमा जे लेखिए तापनि उपदफा [१] मा लेखिएको ठेक्का लागू गर्नेबारे कुनै अड्डा अदालतमा सवाल जवाफ गरिनेछैन ।

[४] समितिमा सदस्य हुनुभन्दा अगावै अरू कसैसँग सदस्यले आफ्नो पैदावारको लागि ठेक्का कबूल गरेको कारणबाट समितिलाई आफ्नो पैदावार दिन सकेन भने त्यस सदस्यले समितिको उपनियम भंग गरेको सम्झिइनेछैन ।

[५] रजिष्ट्री भएको समितिको सदस्यताको लागि दरखास्त दिने व्यक्तिले अरू कसैसँग पैदावार दिने गरी ठेक्का कबूलियत गरेको छ भने दरखास्तमा सो बेहोरासमेत खोली दिउपर्दछ ।

शेयरमा सदस्यको दाबी र प्रतिसाधन

२२. समितिबाट ऋण लिने हालवाला वा साबिकवाला वा मृत्यु भैसकेका सदस्यको शेयर वा हक ( ) वा निजले जम्मा गरेको रुपैयाँ वा निजले पाउने लाभांश, बोनस नफामा सो ऋणबापत समितिको दावा रहनेछ र निज सदस्यको नाममा रहेको वा निजले पाउने ठहरिएको रुपैयाँबाट सो कर्जा चुक्ता गर्न आवश्यक पर्ने रकमजति कट्टा हुनेछ ।

शेयर जफत नहुने

२३. माथि दफा २२ को अधीनमा रही रजिष्टरी भएको समितिमा सदस्यको नाममा रहेको शेयर वा हक निजले लिएको वा अरू रकमबापत अदालतको फैसला वा आदेशअनुसार जफत लिलाम वा बिक्री हुनेछैन र अफिसियल एसाइनी ( डाउ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्टेकाको जायदादको बन्दोबस्त गर्ने अधिकार पाएको मानिस) वा रिसिभर (टाट उल्टेकाको सम्पत्ति वा मुद्दा परी रहेको सम्पत्तिको रेखदेख गर्नलाई कचहरीबाट खटिएको मानिस) को समेत त्यसता शेयर वा हकमा दावा रहनेछैन।

**सदस्यको मृत्यु भएमा हक दावाको नामसारी**

२४. (१) सदस्यको मृत्यु भएमा रजिष्टरी भएको समितिले सो मरेको सदस्यको शेयर वा हक नामसारी गर्दा नियमबमोजिम मनोनीत भएको व्यक्तिको नाममा नामसारी गर्नेछ। मनोनीत व्यक्ति छैन भने कमिटीले पत्याएको सो मरेका सदस्यको उत्तराधिकारी वा कानूनी वारेसको नाममा नामसारी गरी दिनेछ वा यस्तो मनोनीत व्यक्ति उत्तराधिकारी वा कानुनी वारेस मा जसलाई भए पनि सो मरेको सदस्यको नियम वा उपनियमबमोजिम ठहर्न आएको शेयर वा हकको रुपैयाँ बुझाई दिनेछ।

(क) असीमित दायित्व भएको समितिको हकमा भने यस्ता मनोनीत व्यक्ति उत्तराधिकारी वा कानूनी वारेसले सो मरेको सदस्यको शेयर वा हकको माथि भनेबमोजिम ठहर हुन आएको रुपैयाँ समितिबाट भराई पाउनेछ।

(ख) सीमित दायित्व भएको समितिको हकमा भने समितिले मरेको सदस्यको शेयर वा हक समितिको सदस्यताको निम्ति नियम र उपनियमबमोजिम उपयुक्त (          ) ठहरिएको मनोनीत व्यक्ति उत्तराधिकारी वा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनी वारेसको नाममा नामसारी गरी दिनेछ वा सदस्यको मृत्यु भएको १ महिना भित्र त्यस्ता व्यक्तिले दरखास्त गरेमा दरखास्तमा नाम परेको उपयुक्त व्यक्तिको नाममा नामसारी गरिदिनेछ।

(२) मरेको सदस्यले समितिबाट पाउने सबै रुपैयाँ मनोनीत व्यक्ति उत्तराधिकारी वा कानूनी वारेसलाई रजिष्टरी भएको समितिले बुझाइदिनेछ।

(३) कुनै व्यक्तिले समितिमा जे माग गरे पनि यो दफामुताबिक रजिष्ट्री भएको समितिले गरेको नामसारी र तिरेको दाम सदरै हुनेछ।

नाबालकबारेको डिपोजिट. २५. (१) रजिष्ट्री भएको समितिले नाबालकको भलाईकोलागी निजको संरक्षकबाट डिपोजिट लिन सक्तछ। यसरी राखेको डिपोजिट पाकेको व्याजसाथै निजको व्यवहारको लागी उसको संरक्षकलाई दिए हुन्छ।

(२) समितिले रुपैयाँ तिरेबापत नाबालकको संरक्षकबाट पाएको रसीद प्रमाण हुनेछ।

साबिक सदस्यको दायित्व २६. समिति छाड्दा देखिन आएको ऋणको हकमा समिति छाडेका मितिदेखि २ वर्षसम्म समिति छाड्ने सदस्य जवाफदेही हुनेछ।

मृत सदस्यका जायजेथा उपर दावी २७. सदस्यको मृत्युको समयमा बाँकी हुन आएको रजिष्ट्री भएको समितिको ऋणको हकमा सो मरेको सदस्यको घर घरानाबाट १ वर्षभित्र लिने काम समितिबाट हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यहरूको रजिष्टर २८. रजिष्ट्री भएको समितिले राखेको रजिष्टर वा सदस्यहरुको फिरिस्तमा देहायमा लेखिएको विवरणहरूमध्ये कुनै विवरण भएमा जुन सम्बन्धमा रजिष्टर राखेको छ, सो अकाट्य प्रमाण हुनेछ ।

(क) सो रजिष्टर वा फिरिस्तमा सदस्य भनी कुनै व्यक्तिको नाम लेखिएको मिति ।

(ख) कुनै सदस्यको सदस्यताबाट हटेको मिति।

समितिहरूको कितापहरूमा दर्ताको प्रमाण. २६. काम चालु रहेको बखतमा रजिष्ट्री भएको समितिको रीतपूर्वक खडा गरेको कुनै दर्ता कितापको नकल सक्कलबमोजिम दुरूस्त छ भनी नियममा लेखिएअनुसार प्रमाणित भएको छ भने देवानी वा फौजदारी मुद्दा मामलामा दर्ता भएको ठीक दुरूस्त छ भन्ने कुराको प्रमाण लाग्नेछ र त्यसमा दर्ता भएको प्रत्येक विषयको बेहोरा लेनदेन र हरहिसाब मूल दर्ताकितापपरह प्रमाणको रूपमा मान्य हुनेछ ।

रजिष्ट्रेसन ऐन लागू नहुने विषय. ३०. तल लेखिएका विषयहरूमा नेपाल रजिष्ट्रेसन ऐनका दफाहरू लागू हुनेछैन ।

(१) रजिष्ट्री भएको समितिको जायदाद अचल सम्पत्तिको जम्मै वा कुनै अंश जेभए पनि त्यस्ता समितिको शेयरसम्बन्धीकुनै कानूनी कागज पत्रमा वा ।

(२) अचल सम्पत्ति जम्मै वा कुनै अंश वा त्यसउपरको हक डिबेंचर धनीका फाइदाका निमित्त समितिले ट्रष्टीहरूका जिम्मामा रहने गरी भोगबन्धकीमा राखी सरवा गरी वा नामसारी गरी धनीलाई रजिष्ट्री भएको कागजपत्रबाट पाउने जमानतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकसम्म दिनेलाई अचलसम्पत्तिको वा अचलसम्पत्तिमा कुनै हक दावी वा सरोकार पैदा गर्ने, घोषित गर्ने, सौंपने हद राख्ने वा खतम गर्ने समितिले जारी गरेको डिबेन्चरमा वा,

(३) समितिले जारी गरेको कुनै डिबेन्चरको दरपीठ वा नामसारीमा आफ्नो उद्देश्यसम्बन्धी कुनै कामको निमित्त रजिष्ट्री भएको समितिले जग्गा वा घर खरीद गर्न, दान दातव्य वा अरू कुनै किसिमबाट घर जग्गा लिन दिन सक्दछ । तर दान दिने कुराको हकमा दफा ४१ को रीत पुऱ्याउनुपर्छ ।

जग्गा वा घरको आर्जन

३१. रजिष्टरी भएको समितिलाई यो ऐनमा लेखिएको कुनै कामको निमित्त जग्गा चाहियो भने जग्गाधनीको मन्जुरी ली आडासरह मोल दी लिन हुन्छ । जग्गाधनीले दिन मन्जूर गरेन भने स्थानीय हाकिमकहाँ सो जग्गा दिलाई पाऊँ भनी दरखास्त दिनुपर्छ । स्थानीय हाकिमले पनि धनीको मर्का, चली आएको दर बुझी ठहराई फैसला गरिदिनेछ । चित्त नबुझनेले निजको फैसलाउपर ऐन सवालबमोजिम अपील दिन हुन्छ ।

आयकर टिकट दस्तूर र रजिष्ट्री फी माफी गर्ने अधिकार.

३२. १. नेपाल गजेटमा सूचना प्रकाशित गरी नेपाल सरकारले रजिष्ट्री भएको समिति वा रजिष्ट्री भएका एकै किसिमका कुनै समितिहरूको लाभांशबारे वा सदस्यहरूले लाभांशबाट पाएका अरू रकम वा मुनफामा आयकर लगाउनेछैन ।

२. सरकारले गजेटमा सूचना प्रकाशित गरी कुनै रजिष्ट्री भएको समिति वा रजिष्ट्री भएका एकै किसिमका कुनै समितिका हकमा देहायमा लेखिएका रकम माफी दिन सक्नेछ ।

(क) रजिष्ट्री भएको समितिबाट वा समितिमार्फत वा समितिका कुनै अफिसरबाट वा सदस्यबाट समितिको कामको निमित्त भएको कानूनी कागजपत्र वा एकै

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किसिमका कागजपत्रहरूमा प्रचलित ऐनबमोजिम लाग्ने टिकट दस्तुर।

(ख) प्रचलित रजिष्टेशन ऐनबमोजिम लाग्ने कुनै दस्तुर।

## उपनियमसम्बन्धी साधारण प्रावधानहरू

समितिको नियमहरू सदस्यहरूमा लागू हुने।

३३. समितिको उपनियम रजिष्ट्री भएपछि समिति र सबै सदस्यहरूले उपनियमहरू र यसका प्रावधानहरू मानौंला भनी प्रत्येक उपनियममा आफैंले सहिछाप गरेसरह नै प्रत्येक उपनियमका प्रावधानहरू समिति र यसका सदस्यहरूलाई लागू हुनेछ।

व्यापार रोक्ने गरी उपनियम बनाउने

३४. कुनै नियमले उपनियमहरू बनाउन अधिकार दिएको विषयमा रजिष्ट्री भएको समितिले बनाएको कुनै उपनियमले व्यापार रोक्ने गरी ठेका दिन्छ भन्ने कुराले मात्र यस्ता उपनियमहरू कुनै अदालतमा सवाल जवाफ गरिनेछैन।

सदस्यहरूलाई जरिवाना गर्नको निमित्त उपनियम बनाउने अधिकार

३५. रजिष्ट्री भएको कुनै समितिले कुनै नियमको अधीनमा रही बनाएको उपनियममा समितिका सदस्यहरूले उपनियम उल्लघन गरेमा समितिले जरिवाना गर्न सक्दछ भन्ने लेखिएको छ भने कुनै सदस्यलाई जरिवाना गर्न देहायको रीत पुऱ्याउनुपर्दछ।

(क) जरिवाना गर्ने मनसाय र कारणहरूको लिखित सूचना समितिले सदस्यलाई अगाडि नै दिनुपर्छ।

(ख) उपनियममा तोकिएका तरिका र समयभित्र जरिवाना नहुनाको पूरा कारण सदस्यले देखाउन अवकाश पाउनुपर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# रजिष्ट्री भएका समितिका कोष र सम्पत्ति

कर्जा दिन प्रतिबन्ध. ३६. (१) रजिष्ट्री भएको समितिले सदस्यबाहेक अरूलाई कर्जा दिन हुँदैन. रजिष्ट्रारबाट साधारण वा विशेष आदेश भएमा भने रजिष्ट्री भएको एक समितिले रजिष्ट्री भएको अर्को समितिलाई कर्जा दिन हुन्छ ।

(२) असीमित दायित्व भएको समितिले रजिष्ट्रारको इजाजतविना खेतीको पैदावारबाहेक अरू चल सम्पत्ति धितो लिई कर्जा दिन हुँदैन ।

(३) साधारण वा विशेष आदेश जारी गरी सरकारले रजिष्ट्री भएको कुनै समिति वा एकै किसिमका समितिहरूले अचल सम्पत्ति धितो लिई कर्जा दिने काम रोक्का गर्न वा हक राख्न सक्छ ।

सदस्यबाहेक अरूबाट ऋण लिने शर्त. ३७. रजिष्ट्री भएको समितिले सदस्य नभएका व्यक्तिहरूबाट डिपोजिट ऋण नियमको उपनियममा तोकिएको शर्तमा मात्र लिन पाउनेछ ।

गैर सदस्यसँग अरू कारवाई गर्दा लाग्ने प्रतिबन्ध. ३८. दफा ३६ र ३७ मा लेखिएबाहेक रजिष्ट्री भएको समितिले गैर सदस्यसँग कारवाई गर्दा सरकारले यस विषयमा नियम बनाई प्रतिबन्ध र हक राखेको छ भने सोही नियमबमोजिम चल्नुपर्नेछ ।

समितिका कोषको लगानी ३९. रजिष्टरी भएको समितिले आफ्नो कोष देहायमा लेखिएका कुरामा लगानी लगाउन वा जम्मा गर्न (Deposit) हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सरकारी सञ्चय बैंकमा वा ।

(ख) रजिष्टरी भएको अर्को कुनै समितिको शेयर वा धितोमा वा ।

(ग) रजिष्ट्रारको मन्जूरी ली वैंक वा बैंकको काम गर्ने कुनै मानिससँग वा।

(घ) नियमले दिएका अरु कुनै काममा ।

नफाको वितरण ४०. रजिष्टरी भएको समितिले आफ्नु कोषको कुनै हिस्सा पनि सदस्यहरूमा वोनस, लाभांश वा अरु कुनै किसिमबाट बाँड्न हुँदैन।

तर अडिट भएको कुनै वर्षको खूद नाफाको कमसे-कम एक चौथाई जगेडा कोषमा जम्मा गरेपछि, बाँकी रहेकोबाट र भागबराडा नभएका गत वर्षहरूका नफाबाट नियम वा उपनियममा तोकिएको शर्तहरूबमोजिम मात्र, सदस्यहरूलाई दिन हुन्छ ।

सर्वहित काममा दान ४१. रजिष्टरी भएका कुनै समितिले कुनै वर्षको खूद नफाको एक चौथाई जगेडा कोषमा जम्मा गरेपछि रजिष्ट्रारको मन्जूरी लिएर, बचत भएको खूद नफाको सयकडा १० सम्म सर्वहित काममा दान दिन हुन्छ ।

## सोधपुछ र जाँचबुझ

रजिष्ट्रारबाट सोधपुछ र जाँचबुझ ४२. (१) रजिष्ट्रारले आफ्नै तजवीजबाट र स्थानीय हाकिमले अनुरोध गरेमा वा कमिटीको बहुसंख्यक वा सदस्यहरूको संख्याको एक तिहाईसम्मबाट दरखास्त परेमा रजिष्ट्री भएको समितिको विधान, काम कारवाई र आर्थिक अवस्थाको आफैंले जाँचबुझ गर्नेछ वा सो गर्नेलाई लिखित आदेश गरी कुनै व्यक्तिलाई अख्तियार दिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रजिष्ट्रारले आफैंले वा निजबाट अख्तियार पाएको व्यक्तिले समितिको कार्यसम्बन्धी मागेको सबै कुरा समितिका सबै अफिसर वा सदस्यहरूले बताइदिनुपर्दछ।

ऋणीकोसमितिको वही खाताको जाँचबुझ.

४३. (१) रजिष्ट्री भएको समितिको साहूको दरखास्त पर्न आएमा रजिष्ट्रार आफैंले वा रजिष्ट्रारको लिखित आदेशबाट अख्तियार पाएको कुनै व्यक्तिले समितिको वही खाताहरू देहायका शर्तहरूमा जाँच गर्नेछ।

(क) दरखास्तवाला साहूको ऋणको भाखा पुगेको छ र ऋण फछ्र्याउने माग गर्दा मनासीबमाफिकको समयभित्र समितिले चित्त बुझाइदिएन भन्ने कुरामा रजिष्ट्रारको चित्त बुझयो भने र,

(ख) सो जाँच गर्दा लाग्ने खर्चको निमित्त चाहिने रुपैयाँ दरखास्तवालाले रजिष्ट्रारसँग धरौटी राख्दछ भने।

(२) साहूलाई र जाँचबुझ गरिएको समितिलाई पनि रजिष्ट्रारले सो जाँचको परिणाम सूचित गर्नुपर्दछ।

सोध पुछको खर्च.

४४. दफा ४१ मा लेखिएबमोजिमको जाँच बुझ वा दफा ४३ मा लेखिएबमोजिमको जाँच गर्दा लागेको खर्च वा रजिष्ट्रारले मनासीब ठहराएको खर्चको हिस्सा समिति, सदस्य वा सो जाँच बुझ गरी पाऊँ भन्ने साहू र समितिका अफिसरहरू वा साबिकवाला अफिसरहरूले बेहोर्नुपर्ने गरी रजिष्ट्रारले दामासाही लगाइदिनेछ।

खर्च असूल उपर गर्ने.

४५. दफा ४४ बमोजिमको खर्चबापत दामासाहीको रुपैयाँ बुझाउनुपर्ने मानिससँग सो रुपैयाँ नजिकको अदालतमार्फत ऐन सवालको रीत पुर्‍याई असूल उपर गराउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## रजिष्टरी भएको समितिको कमिटिको भङ्ग

कमिटीको भङ्ग ४६. (१) रजिष्टरी भएको कुनै समितिको कमिटीले आफ्नो कर्तव्य उचित रूपले गरेका छैनन् भन्ने रजिष्टारले ठहराएमा कमिटी भङ्ग नहोस् भन्ने विरोध प्रकट गर्ने कमिटीलाई मौका दिएपछि। सो विरोधमा विचार गर्न रजिष्टारले बोलाएको साधारण सभामा विचार गरेपछि रजिष्टारले लिखित आदेशबाटः–

(क) कमिटी भङ्ग गर्नेछ र।

(ख) यसै ऐनमा मिल्ने गरी नियुक्त गरिएका व्यक्ति वा व्यक्तिहरूले समितिको काम चलाउन् भनी आदेश दिनेछ।

(२) उपदफा १ को परिच्छेद (ख) अन्तर्गतको प्रत्येक आदेश, यस्ता आदेशमा बताएअनुसार, २ वर्ष भन्दा बढी लागू हुनेछैन। तर अवधि बढाउनको लागी रजिष्टारले समय समयमा आदेश संशोधन गर्न सक्नेछ र यस्तो आदेशको अवधि पटक पटक गरी जम्मा ४ वर्षभन्दा बढीको हुन हुँदैन।

(३) उपदफा १ बमोजिम निकालिएका आदेशमा रजिष्टारले केही अरू त्यसपछिको अर्को आदेशद्वारा समितिको कारवाईको प्रबन्ध र संचालन गर्न योग्य वा उचित एक दुइ वा त्यसभन्दा बढ्ता व्यक्तिलाई नियुक्त गर्नेछ र यस प्रकार नियुक्त भएको व्यक्तिलाई समय समयमा हटाउने वा बदली गर्न सक्नेछ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) रजिष्ट्री भएको समितिको प्रबन्ध गर्न, रजिष्टारको साधारण निर्देश र नियन्त्रणको अधीनमा रही यस दफाअन्तर्गत नियुक्त भएको कुनै व्यक्ति वा व्यक्तिहरूले:—

(क) समितिको जायदाद ( Assets ) उठाउन, ऋणहरू तिर्न र समितिको भलाईको लागी अरू कुनै कदम उठाउन सक्नेछन् र,

(ख) रीतपूर्वक गठन भएको समितिको कमिटीको सबै अधिकार अख्तियार र सुविधाहरूको प्रयोग गर्न सक्नेछन्।

(५) रजिष्टरी भएको समितिको कारवाईको प्रबन्ध गर्न यो दफाबमोजिम रजिष्टारले नियुक्त गरेका व्यक्ति वा व्यक्तिहरूको मेहनतानाको निर्णय रजिष्टारले गर्न सक्नेछ। समितिको प्रबन्ध गर्न खर्च भएका यस्ता मेहनतानाको रकम र अरू खर्च केही भए सोसमेत कमिटीको कोषबाट तिरिनेछ।

(६) समितिका उपनियमअनुसार नयाँ कमिटीको गठन गर्न निमित्त, रजिष्टरी भएको समितिको कारबारको प्रबन्ध गर्न यो दफाबमोजिम नियुक्त भएका मानिस वा मानिसहरूको उपदफा १ को अनुच्छेद (ख) अन्तर्गत भएको निदेशको म्याद खतम हुने मितिभन्दा ठीक पहिले नै अफिसको कार्यभार सभाल्ने बन्दोबस्त मिलाउने कर्तव्य हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) रजिष्टरी भएको समितिको सम्बन्धमा समितिले बैंकबाट कर्जा लिएको भए समितिको कमिटी भंग गर्ने र समितिको कारवारको प्रबन्ध र संचालन गर्ने तरिका र नियुक्त गरिने व्यक्तिहरु सम्बन्धमा पहिले नै बैंकको राय नलिकन, रजिष्टरद्वारा उपदफा. (१) अन्तर्गत कुनै आदेश निकालिनेछैन।

(८ दफा ४७ अनुसार समितिको रजिष्टेशन रद्द गर्ने रजिष्टारको अधिकारलाई यस दफाले केही बाधा गर्नेछैन।

रजिष्टरी भएको समितको भंग.

४७. (१ दफा ४२ मा लेखिएबमोजिम जाँच बुझ भएपछि वा दफा ४३ बमोजिम सोधपुछ भएपछि वा रजिष्टरी भएको समितिको सदस्यहरुको ४ खण्डको ३ खण्डबाट दरखास्त पर्न आई रजिष्टारले समिति तोड्नुपर्ने ठहराएमा रजिष्टारले समितिको रजिष्टेशन रद्द गर्न सक्नेछ।

(२) माथि उपदफा १ मा लेखिएबमोजिम आदेश जारी भएको मितिदेखि २ महिना भित्र कमिटीको कुनै सदस्यले सो आदेशउपर सम्बन्धित मन्त्रालयमा अपील गर्न पाउँछ।

(३) समितिको रजिष्टेशन रद्द गर्ने आदेश भएको मितिदेखि २ महिनाभित्र सम्म अपील गर्न नआएमा सो म्याद खतम भएपछि आदेश लागू हुनेछ।

(४) २ महिनाभित्र अपील पर्न आएमा अपीलको फैसला नभएसम्म सो आदेश लागू हुनेछैन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सरकारले सरकारी गजेटमा अपील सुन्ने अड्डाको सम्बन्धमा आदेशद्वारा सूचना गरेबमोजिम यस दफामा लेखिएका अपीलहरू सुन्ने अधिकार सो अड्डालाई हुनेछ।

**रजिष्टरी रद्दी गर्नेबारे.**

४८. माथि दफा दफामा लेखिएको शर्तबमोजिम समिति रजिष्टरी भएकोमा पछि कुनै वखत सदस्यहरूको संख्या १० भन्दा कम भएको छ भन्ने कुरामा रजिष्टारको चित्त बुझ्ने गरी प्रमाणित हुन आएमा रजिष्टारले लिखित आदेश निकाली समितिको रजिष्टेशन रद्द गरिदिनेछ।

**रजिष्टरी रद्दी गरेको असर.**

४९. दफा ४७, ४८ बमोजिमको आदेशद्वारा समितिको रजिष्टेशन रद्द गरिएको छ भने आदेश लागू भएको मितिदेखि समिति संस्थाको रूपमा रहनेछैन र लागू हुने मितिलाई भङ्ग भएको मिति मानिनेछ। तर यो ऐनले वा यस ऐनअन्तर्गत समितिलाई दिइएको सुविधाहरू, रजिष्टारले समितिको लागी नियुक्त गरेको लिक्विडेटर (समिति खारेज गर्ने कामको अधिकारी) वा लिक्विडेटरहरूलाई दिएको मानिनेछ।

**समितिको रजिष्टरी रद्दी भएपछि विघटन.**

५०. दफा ४७ र ४८ बमोजिम समितिको रजिष्टेशन रद्द भएको छ भने, समितिको लागी रजिष्टारले एक वा एकभन्दा बढ्ता व्यक्तिहरूलाई लिक्विडेटर वा लिक्विडेटरहरूमा नियुक्त गर्न सक्दछ। दफा ४७ र ४८ बमोजिम समितिको रजिष्टेशन रद्द भएको मितिमै समितिको सबै जायदाद लिक्विडेटर वा लिक्विडेटरहरूलाई सुम्पिइनेछ।

**लिक्विडेटरको अधिकार**

५१. दफा ५२ बमोजिम आदेशद्वारा रजिष्टारले बाँधेको बन्देज र निजको अड्डावट र नियन्त्रणको अधीनमा रही दफा

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५० बमोजिम नियुक्त भएको लिक्विडेटरको देहायबमोजिमको अधिकार हुनेछ।

(क) हालवाला र साबिकवाला वा मृत्यु भैसकेका सदस्यहरूका जायजेथाबाट समितिलाई दिनुपर्ने रकमको समय समयमा ठेगान गर्ने।

(ख) समितिको सम्पत्तिमा साहूहरूको दाबी छ र सो दाबी समितिको रजिष्टरमा दर्ता भएको छैन भने प्रमाणसहित सो हक दावीको उजुर गर्न सूचना वा घोषणाद्वारा मिति तोकिदिएर सो मितिभित्र हक दाबी प्रमाणित गर्न सकेन भने समितिको सम्पत्ति वितरणबाट सो दावी हटाउने।

(ग) साहूहरूमध्ये पहिले कसलाई तिर्ने भन्ने प्रश्नको निर्णय गर्ने।

(घ दफा ५६ मा लेखिएबमोजिम कुनै पकारको झगडा कारवाइको लागी पक्षलाई झुम्पने (यसमा समितिलाई दिइएको कारवाइको सूचना लिक्विडेटरलाई दिइएको मानिनेछ) र आफ्नो अफिसको नामले समितिको तर्फबाट नालीस गर्ने र प्रतिवादी दिने र उक्त कारवाई गर्ने।

(ङ) लिक्विडेसनको खर्च कस कसबाट कति कति भराउनुपर्छ भन्ने कुराको ठेगाना लगाइदिने ;

(च) कारवार बन्द गराई समिति खारेज गर्नलाई निजको विचारमा आवश्यक देखिन आएका समि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तिको आयदाद संकलन ( Callection ) र भागबण्डा लगाउने बन्दोबस्त गर्ने निर्देश गर्ने।

(छ) रजिष्ट्रारको मन्जूरी प्राप्त गरेको छ भने समितिले गर्ने वा समितिको विरुद्ध गर्ने कुनै दाबी वा सम्झौता गर्ने।

(ज) लिक्विडेसनको काम उचित रूपमा चलाउनको निमित्त आवश्यक परेमा सदस्यहरूको साधारण सभा बोलाउने।

(झ) समितिको रजिष्टर कागजपत्र र सम्पत्तिहरु कब्जामा लिने।

(ञ) समितिको सम्पत्ति बेच्ने।

(ट) समिति खारेज गर्ने उद्देश्यले नोक्सान नहुने हिसाबसँग समितिको कारवार चलाउने तर यस ऐनमा लेखिएको कुनै दफाले समितिको लिक्विडेटरलाई ऋण दिने अधिकार दिनेछैन।

(ठ) रजिष्ट्रारद्वारा वितरणको योजना मन्जूर भएपछि समितिको सम्पत्तिको विभाजनको राम्रो बन्दोबस्त मिलाउने।

(२) यसै दफामा लेखिएबमोजिमका कामहरू फछ्र्याउन लिक्विडेटरलाई चाहिने अख्तियारहरूमध्ये साक्षीहरूलाई लेखोट दिई हाजिर गराउने र सबूत पेश गराउने कामको अख्तियारको प्रयोग गर्न देवानी अदालतले पाएका अख्तियारबरह हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**लिक्विडेसन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकार** ५२. रजिष्ट्रारको नियन्त्रण र दोहराई यथघट गरेको आदेशबमोजिम लिक्विडेटरले आफ्नो अधिकारको प्रयोग गर्नेछ र रजिष्ट्रारले:—

(क) लिक्विडेटरले जारी गरेको आदेशलाई खारेज वा बदल्न सक्नेछ र आवश्यकतानुसार नयाँ आदेश जारी गर्नेछ।

(ख) सो कामबाट लिक्विडेटरलाई झिक्न सक्नेछ।

(ग) समितिको सबै खाता रजिष्टर कागजपत्र र सम्पत्तिहरू माग्न सक्नेछ।

(घ) दफा ५१ मा लेखिएको लिक्विडेटरको अख्तियार लिखित आदेशद्वारा सीमित गर्न सक्नेछ।

(ङ) आफूले चाहेको बखतमा लिक्विडेटरबाट हिसाब बुझ्न सक्नेछ।

(च) लिक्विडेटरले जाँचेको हिसाब लिई समितिको सम्पत्तिको वितरण गर्ने अधिकार लिक्विडेटरलाई दिन सक्नेछ।

(छ) लिक्विडेटरको मेहनतानाबारे आदेश गर्न सक्नेछ।

(ज) तेस्रो पार्टीले पञ्चको फैसलालाई मान्ने भनी लिखित मन्जूरी दिये भने लिक्विडेटर र तेस्रा पार्टीको झगडा (यदि दफा ५१ (१, घ) मुताबिक सुम्पन पर्ने झगडा होइन भने) पञ्चलाई सुम्पन सक्नेछ।

**आदेशहरु लागूहुने** ५३. [१] दफा ५२ बमोजिम कुनै झगडा पञ्चलाई सुम्पिएमा उसको निर्णय पार्टीहरूलाई मान्य हुनेछ र त्यस दफाबमोजिमको आदेश रजिष्ट्रारले दिएको आदेशसरह लागू हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

[२] लिक्विडेटरले वा रजिष्ट्रारले दफा ५१ वा ५२ बमोजिम दिएको आदेशबारे कुनै देवानी अदालतमा प्रश्न उठाइने छैन र समितिको रजिष्ट्री भएको अफिस भएको ठाउँमा रहेको देवानी अदालतले आफैंले फैसला गरेतरह लागू गराउनेछ ।

देवानी अदालतको अधिकारको हद । ५४. माथि दफा दफामा स्पष्ट गरी लेखिएबाहेक यस ऐनबमोजिम रजिष्ट्री भएको समिति–भङ्गसम्बन्धी कुनै कुरामा कुनै देवानी अदालतको तालुक रहनेछैन ।

लिक्विडेसनको काम समाप्त. ५५. [१] रजिष्ट्रेशन रद्द गरिएको समितिको विघटन गर्नुपर्दा सो समितिको कोश र जगेडा कोशसमेतबाट पहिले लिक्विडेशनको खर्च त्यसपछि समितिका अफिसर कर्मचारीको भत्ता तलब, त्यसपछि समितिका ऋण तिर्न, त्यसपछि शेयर पूँजी तिर्न र त्यसपछि यदि समितिको उपनियमले अधिकार दिन्छ भने, जुन साल मुनाफा बाँधिएको थिएन त्यसको लाभको प्रतिशत प्रतिसालको दरमा ननबाई लाभांश दिने काममा क्रमसँग खर्च गरिनेछ ।

[२] समितिको विघटनको काम बन्द भएपछि, त्यस समितिका कुनै साहूले दाबा गरेको छैन वा वितरणको योजना-अनुसार पाउनु पर्ने पाएको छैन भने, विघटनको काम बन्द भएको सूचना सरकारी गजेटमा प्रकाश भएको मितिदेखि २ वर्षभित्र समितिको कोषको सम्बन्धमा उजुर दावा, गर्नुपर्छ । लेखिएका म्यादभित्र कुनै दावा गरिएको छैन भने, कुनै कारवाई गरिनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] माथि उपदफा (१) मा लेखिएको काममा खर्च भएर बचेको कोश र उपदफा (२) बमोजिम दाबीको कारवाई भै भुक्तानी दी बाँकीरहेको रुपैयाँसमेत रजिष्टारको मंजूरी भएमा विघटनको मितिमा अफिसरहरू रहेका व्यक्तिहरूले छाडी कर्जा लिएको स्थानीय या सर्वहित कामको लागि निज व्यक्तिहरूले खर्च गरे हुन्छ। यदि यस्ताव्यक्तिहरूले ३ महिनाभित्र रजिष्टारको मञ्जूरी भएको उद्देश्यको काम छाल्न सकेनन भने रजिष्टारले सो बचत रकम बैंक वा रजिष्ट्री भएको समितिमा जम्मा गर्नेछ। त्यसपछि यदि कुनै नयाँ समितले सोही क्षेत्रमा कुनै समय रजिष्ट्री भएर काम चालू गर्‍यो भने माथि लेखिएबमोजिम जम्मा गरिएको बचतको रकम रजिष्टारको इच्छानुसार त्यस नयाँ समितिको जगेडा कोश ( Reserve Fund ) जम्मा गरिनेछ र त्यस्तो कोशमा जम्मा हुनुभन्दा अघि जम्मा भएको त्यस्तो रकमको व्याज यो ऐनको कामको निमित्त गठित अडिट देखरेख ( Audit and Supervision ) कोशमा राखिनेछ।

झगडाको निपटारा ५६. [१] रजिष्ट्री भएको समितिको व्यापारको सम्बन्धमा कुनै झगडा निम्नलिखित व्यक्तिहरूको बिच उठे यस्ता झगडा निर्णयको लागि रजिष्टारलाई सुम्पिनेछ।

(क) सदस्यहरू, साविकवाला सदस्यहरू र मृत्यु भैसकेका सदस्यहरूको हकदारद्वारा दावा गर्ने व्यक्तिहरूको बीच।

(ख) सदस्य, साविकवाला सदस्य वा मृत्यु भैसकेको सदस्यको हकदारद्वारा दावा गर्ने व्यक्तिहरू र समिति, यसको कमिटी वा कुनै अफिसर वा समितिको हाल-.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाला वा साबिकवाला अफिसर वा कर्मचारी वा कुनै वारीसवाला वा मृत्यु भैसकेको अफिसर वा कर्मचारीको कानूनी प्रतिनिधिको बीच वा ।

(ग) समिति वा यसको कमिटी र समितिको साबिकवाला वा हालवाला कुनै अफिसर वा कर्मचारी वा कुनै वारीसवाला वा मृत्यु भैसकेको कुनै अफिसर वा कर्मचारीको कानूनी प्रतिनिधिको बीच वा

(घ) समिति र रजिष्टरी भएका अरू कुनै समितिको बीच। साबिकवाला वा हालवाला सदस्य अफिसर वा कर्मचारी वा कुनै मनोनीत व्यक्ति वारीसवाला वा मृत्यु भैसकेको अफिसर वा कर्मचारीको कानूनी प्रतिनिधिको कारणबाट भएको रजिष्टरी भएको समितिको कुनै ऋण माग गरेको वा निजहरूको कारणबाट भएको क्षतिको दावा र यस्ता ऋण वा क्षति मन्जूर हुने वा नहुने भए पनि यो दफाअन्तर्गत समितिको व्यापारको सम्बन्धमा झगडा भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम साधक भएमा रजिष्टारले ।

(क) झगडाको फैसला आफैं गर्न सक्नेछ वा ।

(ख) फैसलाका लागी सो झगडा पंच वा पंचहरूलाई सुम्पन सक्नेछ ।

(३) पंच वा पंचहरूको फैसलाबाट कुनै पार्टीलाई चित्त नबुझेका नियमबमोजिमको समयभित्र रजिष्टारछेउ रीतपूर्वक अपील गर्न सक्दछ ।

(४) उपदफा (२) बमोजिम रजिष्टारको निर्णय वा उपदफा (१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम रजिष्ट्रारछेउ गरेको अपील हुनेछ र कुनै देवानी अदालतमा प्रश्न उठाइनेछैन

(५) यदि रजिष्ट्रारछेउ उपदफा ३ बमोजिम अपील परेन भने वा यदि अपील परे पनि तारीख गुजारेका वा फिर्ता लिएको छ भने उपदफा २ बमोजिम पंच वा पंचहरुले गरेको फैसला अन्तिम हुनेछ र यसबारे कुनै देवानी अदालतमा प्रश्न उठाइनेछैन ।

नियमहरु बनाउने अधिकार. ५७. (१) देशको सबै वा केही भागको निम्ति र रजिष्टरी भएको कुनै समिति वा एकै किसिमका समितिहरुको निम्ति यो ऐनको उद्देश्यहरु पूरा गर्नको लागि यस ऐनमा बिरोध नपर्ने गरी नियमहरु बनाउने र संशोधन गर्ने अधिकारसमेत सम्बन्धित मन्त्रालयमा रहनेछ ।

(२) यस ऐनबमोजिम बनेका सबै नियमहरु सरकारी गजेटमा प्रकाशित हुने र प्रकाशित भएपछि यस ऐनसरह लागू हुनेछ ।

सरकारलाई तिर्नुपर्ने रकम असूल उपर गर्ने. ५८. (१) रजिष्टरी भएको समितिका साबिक वा हालवाला सदस्यले अफिसरले या रजिष्टरी भएको समितिले सरकारलाई तिर्नुपर्ने सबै रु यॉं र दफा ४४ बमोजिम सरकारले लगाएको अरु कुन रकमसमेत सरकारबाट ऐन सवालबमोजिम मालपोत बाँकी भएसरह असुल गरिनेछ ।

(२) उपदफा १ अनुसार समितिबाट सरकारले उठाउन पाउने रुपैयाँ उठाउँदा पहिले समितिको सम्पत्तिबाट दोस्रा सीमित दायित्व भएको रजिष्टरी भएको समितिको हकमा सदस्यहरुले दिनुपर्ने तहसम्म ती सदस्यहरुबाट र अरु समितिहरुको बारेमा सदस्यहरुको घर घरानाबाट असुल गर्न हुन्छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# विविध

**रजिष्टेसनबाट बाहेक गराउन सक्ने सरकारको विशेषाधिकार.** ५९. यो ऐनमा जेसुकै लेखिए तापनि सरकारले कुनै शर्त राखी रजिष्टेसनसम्बन्धी कुनै कुराहरू पालन गर्न नपर्ने गरी कुनै समितिलाई बाहेक गर्न सक्दछ ।

**ऐनका दफाबाट बाहेक गराउन सक्ने सरकारको विशेषाधिकार.** ६०. साधारण वा विशेष आदेशद्वारा सरकारले रजिष्टरी भएका समिति वा एकै किसिमका समितिहरूलाई यो ऐनको प्रावधानहरू लागू नहुने गर्न सक्ने वा आदेशमा किटिएको संशोधनको कुनै निश्चित मितिदेखि कुनै समिति वा एकै किसिमका समितिहरूलाई यस्ता प्रावधानहरू फेरि लागू गराउने निर्देश गर्न सक्नेछ ।

**सहकारी शब्दको नाममा प्रतिबन्ध.** ६१.(१) रजिष्टरी भएका समितिबाहेक कुनै मानिसले सरकारको स्वीकृतिबिना सहकारी शब्दको नाममा कुनै व्यापार गर्न पाउँदैन ।

तर कसैले वा कसैको हकदारले यो ऐन लागू हुनेभन्दा पहिले सहकारी शब्दको नामबाट व्यापार गरेको रहेछ भने यो दफा लागू हुँदैन । तर सो सहकारी शब्दको प्रयोग गरेको सूचना, यो ऐन लागू भएको १ महिनाभित्र रजिष्ट्रारकहाँ दिनुपर्दछ ।

(२) उपदफा (१) भंग गर्नेलाई ठाडो कारवाई गरी कसूरदार ठहरिएमा रु. ५०० सम्म जरिवाना हुन्छ र एक पटक जरिवाना भएपछि पनि फेरि फेरि पनि अटेर गरी नियमविरुद्ध काम गरिरहन्छ भने पहिले जरिवानाभएको मितिदेखि दिनको रु. ५० का दरले थप जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिलाई दिनुपर्ने रुपैयाँ र अरू जिन्सी मालको असुल उपर गराउने रजिष्ट्रारको आज्ञा

६२. (१) समितिको संगठन या सञ्चालनमा भाग लिने कुनै व्यक्ति वा समितिका साबिक वा हालवाला अफिसरले समितिलाई केही रुपैयाँ वा जिन्सी माल तिर्नुपर्ने देखिएमा, आफैं तजबीजबाटै वा कमिटी वा लिक्विडेटर वा समितिको साहूको दरखास्त परेमा रजिष्ट्रारले यस्तो व्यक्ति वा अफिसरको चाल चलनमा जाँचबुझ गर्न र देहायबमोजिमको आदेश दिन सक्छ ।

(क) रजिष्ट्रारले ठीक ठहराएको ब्याजसहित सबै रुपैयाँ वा त्यसको केही हिस्सा तिर्न लगाउने,

(ख) यस्तो अरू कुनै सम्पत्ति वा त्यसको केही भाग फिर्ता गर्न लगाउन वा,

(ग) रजिष्ट्रारले ठीक ठहराएजति रकम समितिलाई क्षतिपुर्तिको रुपमा दिन लगाउन ।

कुनै व्यक्तिउपर यस्त आदेश दिनुभन्दा अगावै रजिष्ट्रारले यस्तो आदेश दिनुपर्ने कारण छन् भने कुरा देखाउन र सुनाउन सो व्यक्तिलाई मौका दिनुपर्छ ।

(२) रजिष्ट्री भएको समितिलाई उपदफा (१) बमोजिम तिर्नुपर्ने कुनै रुपैयाँ वा क्षतिपूर्तिको रुपमा समितिलाई दिनुपर्ने लगाउन दिएको आदेश सो समितिका अफिसर वा कुनै मानिसले नमानेमा समितिले सो कुराको दरखास्त दिएमा स्थानीय हाकिमले आफूले जरिवाना गरेसरह समितिलाई सो जरिवानाको रकम उपर गराइदिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा त्यसअन्तरगत दिएको आदेशले अरू कुनै प्रचलित ऐनबमोजिम गरेको कसरमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै व्यक्ति वा अफिसरउपर कारवाइ गर्न रोकेको भन्ने माने लाग्नेछैन।

अफिसरहरूको दायित्व. ६३. रजिष्ट्री भएका समितिको दफा १८ बमोजिम हिसाब जाँच वा दफा ४१ बमोजिम यस्ता समितिको कारवारमा सोधपुछ र जाँचबुझ भएपछि यति दाम वा हिसाब किताबबाट बाँकी देखाएको बाँकी हिसाब वा समितिका कामदार सदस्य वा अफिसरले दिनु वा तिर्नुपर्ने भनी सहि गरेको हिसाब किताबको खाता वा लेखा देखाउनु वा तिर्नु भनी समितिको कामदार सदस्य वा अफिसरको हैसियतबाट जिम्मा लिने वा राख्नेलाई रजिष्ट्रारले कर लगाउन कानूनी हुनेछ। यदि यस्ता मानिसले तुरुन्त तिर्न वा बुझाउन वा हिसाब देखाउन सकेनन् भने यस्ता मानिसलाई मात लाग्छ र दोषी ठहरेमा १० बर्षसम्म कैद र बिगोभराई बिगो बमोजिम जरीवानासमेत हुन्छ ।

बैंक बुझन सक्ने. रजिष्ट्रारको अधिकार. ६४ प्रचलित ऐनमा जे भए पनि रजिष्ट्रारले आवश्यक सम्झेमा कुनै ब्याङ्कलाई देहायका कुराहरू गराउन लगाउन सक्नेछ ।

[क] त्यस बैङ्कसँग रजिष्ट्री भएको कुनै समितिको कारवार-विषय को सूचना दिने.

[ख] ब्याङ्कको खाताबाट ब्यांकमा रहेका समितिको हिसाबको एक प्रति पेश गर्ने वा,

[ग] समितिको नाममा लेखिएको चेकहरू वा समितिले दर गरेको चेक पेश गर्ने ।

कम्पनी कानून लागू नहुने. ६५. यस ऐनबमोजिम रजिष्ट्री भई खडा भएको समितिहरूलाई कम्पनी कानून लागू हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**ऐन नमाने वा हुनेसजाय** १६.[१] रजिष्ट्रारले वा यस विषयमा निजले अख्तियार दिएको कुनै मानिसले ।

[क] यस ऐनको निमित्त चाहेको सूचना रजिष्ट्री भएको कुनै समिति वा अफिसर वा सदस्यले दिन वा कुनै काम गर्न इन्कार गरे वा जानी जानी वा लापर्वाह गरेमा वा,

[ख] कसैले जानी जानी वा कुनै मनासीब कारणविना यस ऐनको दफाहरूबमोजिम निकालिएका लेखोट माग वा कानूनी लिखित आदेश नमाने वा यस ऐनको दफाहरूबमोजिम खबर दिन अख्तियार पाएको मानिसले रीतपुर्वक मागेको खबर दिन नसके वा ।

[ग] रजिष्ट्री भएको कुनै समिति वा अफिसर वा सदस्यले जानी जानी कुनै झुट्टा खेस्ता विवरण वा झुट्टा खबर दियो भने यस ऐनबमोजिम बात लाग्छ ।

[२] उपदफा १ मा लेखिएबमोजिम कुनै मानिसले कुनै कसूर गरी स्थानीय हाकिमले ठाडो कारबाइ गरी निजलाई दोषी ठहराएमा रु. ५०० सम्म जरिवाना हुनेछ ।

[३] रजिष्ट्री भएको समितिले यस ऐन विरुद्ध कुनै कसूर गर्‍यो भन्ने नियम वा उपनियमअनुसार गर्नुपर्ने कर्तव्य प्रत्येक अफिसरले पालन गरेन भने नियम वा उपनियम भङ्ग गरेको कसूर मानिनेछ वा समितिमा यदि यस्ता अरू अफिसर छैनन् भने कमिटीका प्रत्येक सदस्यलाई यो कुरा थाहा थिएन भन्ने र उसले त्यो रोक्ने प्रयत्न गरेको थियो भन्ने निज सदस्यले प्रमाणित गर्न शकेन भने सोही कसूर गरेसरह सजाय हुनेछ ।

आज्ञाले—

तिलकशमशेर — सेक्रेटरी — कानूनमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।